## अध्यक्षज्यूको स्वागत मन्तव्य

**नमस्कार**

१. निजी क्षेत्रको नेतृत्वदायी सँस्था नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारण सभाका अवसरमा सबैमा न्यानो अभिवादन गर्दछु ।

२. आज विश्व, इतिहासकै अत्यन्त कठिन घडीमा छ । कोरोना भाइरसका कारण हामी अत्यन्त जटिल मोडमा छौं । हामीलाई प्रकृतिलेनै खुम्चाई दिएको छ । हामीले निर्वाध हाम्रा गतिविधि संचालन गर्न पाएका छैनौं । हाम्रै यही कार्यक्रम पनि थोरै संख्यामा प्रत्यक्ष र बाँकी Virtual का माध्यमबाट सहभागी भई अत्यन्त सतर्कतापूर्वक मनाउन बाध्य भएका छौं । महासंघको वार्षिक साधारण सभाको यस समुद्घाटन समारोहमा यहां सहभागि रहनु भएका र Virtual मार्फत हामीसंग जोडिनु भएका सवै आमन्त्रित पाहुनाहरुमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

३. आजको संवेदनशील अवस्थामा निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघको महत्वलाई मनन गरी हाम्रो यो कार्यक्रमको औपचारिक समुद्घाटन समारोह आयोजनाका लागि प्रधानमन्त्री निवासको यो हल हाम्रा लागि उपलव्ध भएको छ । यो हाम्रो लागि गर्वको विषय हो । हामीले यसलाई सिंगो निजी क्षेत्रलाई सम्माननीय

प्रधानमन्त्रीज्यूबाट दिइएको उच्च महत्वको रुपमा बुझेका छौं । हाम्रो यस साधारण सभालाई विशेष महत्व दिई हाम्रो निमन्त्रणालाई स्वीकार गरी समुद्घाटन समारोहमा पाल्नु भएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूमा नेपालको सम्पूर्ण निजी क्षेत्रको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । सम्माननीय प्रधानमन्त्रीज्यूको गरिमामय उपस्थिति र निजी क्षेत्रलाई प्राप्त मायाममताबाट हामी अत्यन्त उत्साहित भएका छौं ।

४. समुद्घाटन समारोहमा प्रत्यक्ष र प्रविधिमार्फत जोडिनु भएका माननीय मन्त्रीज्यूहरू, Excellencies, Heads of Diplomatic Missions, Heads of Nepal's Development Partners, उच्चपदस्थ सरकारी अधिकृतज्यूहरू, ट्रेड यूनियनका नेताज्यूहरू, महासंघका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, वर्तमान तथा पूर्व पदाधिकारीज्यूहरू, साधारणसभामा भागलिन मुलुकभरबाट आउनु भएका आदरणीय उद्यमी व्यवसायीहरू, अन्य विशिष्ट व्यक्तिहरू, संचारकर्मीहरू, सम्पूर्ण अतिथिगण, प्रतिनिधि साथीहरू सबैमा हार्दिक स्वागत अभिवादन टक्र्याउँछु ।

५. तपाईहरू सबैको अथक मेहनतबाट राष्ट्रिय अन्तराष्ट्रिय तहमा आफूलाई नेपालको निजी क्षेत्रको एक सशक्त संस्थाको रूपमा स्थापित गराउन सफल महासंघको गौरवपूर्ण ५४ औं वार्षिक साधारण सभा आफैमा एक महत्वपूर्ण उत्सव हो ।

६. गएको एक वर्षदेखि विश्व कोरोना भाइरस(कोभिड-१९) को महाव्याधीको चपेटामा छ । विश्वमा लाखौ मानिसहरु कोभिड संक्रमणको चपेटामा परेका छन् भने लगभग १४ लाख मानिसहरुको दुखद निधन भैसकेको छ । हाम्रै देशमा पनि हजारौ मानिसहरु कोभिड संक्रमणको चपेटामा परेका छन् भने लगभग १५ सय मानिसहरुको दुखद निधन भैसकेको छ । संकटको यस घडीमा कोभिड संक्रमणमा परी उपचार गराइरहुन भएका सम्पूर्ण दाजुभाई दिदी वहिनी, उद्यमी व्यवसायीको शीघ्र स्वास्थ्य लाभको कामना सहित निधन हुनेहरुको परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै मृतकहरुप्रति सम्पूर्ण निजी क्षेत्रको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै मुलुक र मुलुकवासीलाई कोरोनाको चपेटाबाट बचाउन अग्रभागमा रहेर आआफ्नो जिम्मेवारी पुरा गर्न अहोरात्रखटिनु भएका डक्टरहरु सहित सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षा निकायहरु, सफाईकर्मीहरु, कठिन घडिमा पनि अग्रभागमा रहेर सुचना संकलन गरी जनतालाई सूसुचित गराउन खटिनु भएका संचारकर्मीहरुप्रति आभार प्रकट गर्दछु, सम्मान गर्दछु ।

७. कोभिडले मानवीय क्षतिका साथै विश्वको अर्थतन्त्रलाईनै इतिहासकै कठिन अवस्थामा धकेली दिएको छ । विश्वका सक्तिशाली मुलुकहरु भारत,अमेरिका, यूरोपियन देशहरु गम्भीर आर्थिक संकटमा जादैछन् भने उनीहरुको अर्थतन्त्र ऋणात्मकउन्मुख हुदैछ । International Labor Organization का अनुसार कोभिड संकटका कारण विश्वमा

अनौपचारिक क्षेत्र (Informal Economy) मा कार्यरत २ अरब मानिसहरु मध्ये १ अरब ६० करोड मानिसहरु प्रत्यक्ष प्रभावित भएका छन् । यसले विश्वको आधा जनशक्ति (work force) जो अत्यन्त जोखिममा छन् तीनको जीवनचर्या (livelihood) गम्भीर संकटमा पर्ने देखिन्छ ।

८. कोभिड महाव्याधीका कारण मुलुक अर्थतन्त्र अत्यन्त प्रभावित भएको छ । करिव ६ सात महिना प्रत्यक्ष लकडाउनमा जांदा विशेष गरी पर्यटन, निर्माण, हवाई तथा स्थल यातायात, खुद्रा तथा होलसेल व्यापार, उत्पादनमुलक, आवास तथा खाद्य सेवा, घरजग्गा व्यवसाय क्षेत्र नराम्ररी प्रभावित भएका छन् । Nepal Rastra Bank ले गरेको सर्वेक्षण अनुसार लकडाउनको अवधिमा करिव ४ प्रतिशत मात्र उद्योग व्यवसाय पूर्ण रुपमा संचालन, ३५ प्रतिशत उद्योग आंशिक रुपमा संचालनमा र ६१ प्रतिशत उद्योग व्यवसायहरु पूर्ण रुपमा बन्द रहे । लकडाउनको अवधिमा सर्वेक्षणमा सहभागी उद्योग व्यवसायहरु मध्ये ९६.७ प्रतिशतले सामान्य अवस्थाको तुलनामा औसतमा ७३.८ प्रतिशत उत्पादन कारोवार घटेको जनाएका थिए । यसले उद्योगी व्यवसायीहरुमा संचालन पूंजीको अभाव, बैंकको सावा व्याज भुक्तानी, कामदारहरुको ज्याला तलव भुक्तानी, सरकारलाई तिर्नुपर्ने कर राजस्व, विद्युत महशुल भुक्तानीमा ठूलो समस्या पर्न गयो । यसबाट लाखौं उद्योग व्यवसाय प्रत्यक्ष प्रभावित हुन पुगे । योजना

आयोगले गठन गरेको कार्यदलको प्रतिवेदनका अनुसार कोभिडका कारण GDP मा करिव २०० अर्वको आर्थिक नोक्सानी मुलुकलाई पर्न गएको तथ्यांक वाहिर आएको छ । अझैपनि कोभिडसंग जुध्दै आगामी दिनमा कसरी अगाडी बढ्ने भन्ने ठूलो द्विविधा र संकटमा निजी क्षेत्र छ ।

९. World Bank का अनुसार कोभिडका कारण आर्थिक गतिविधि ठप्प हुंदा सन् २०२० मा नेपालको आर्थिक वृद्धिदर ०.२ प्रतिशत र सन् २०२१ मा नेपाली अर्थतन्त्रको वृद्धिदर ०.६ प्रतिशतमा सिमित हुने प्रक्षेपण गरेको छ । एशियाली विकास बैंक र अन्तराष्ट्रिय मुद्रा कोषको अनुमान पनि यसकै सेरोफेरोमा छ ।

१०. आइएलओले कोभिड संकटका कारण नेपालमा १६ देखि २० लाख कामदारहरु  काम विहीन हुने, उनीहरुको कार्य समय (working hour), ज्यालामा ठूलो कटौंती हुने अनुमान गरेको छ । विशेषगरी प्रमुख श्रम गन्तव्य देशहरुबाट काम विहीन भई नेपालीहरु फर्कने क्रम जारी छ । यो जनशक्तिको व्यवस्थापनका लागि सरकारले कम्तिमा पनि १० लाखलाई रोजगारी सृजना गर्नुपर्ने टडकारो आवश्कता देखिन्छ । लकडाउन पश्चात सामान्य अवस्थामा फर्कन औसतमा पनि करिव २ देखि ३ वर्ष लाग्ने र पर्यटन क्षेत्रलाई सामान्य अवस्थामा फर्कन करिव ५ वर्ष लाग्ने यस क्षेत्रका जानकारहरुको अनुमान छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

११. राष्ट्रिय अन्तराष्ट्रिय आर्थिक परिदृश्यहरुले अवका दिन मुलुकुको अर्थतन्त्रमा निकै ठूला ठूला चुनौती आउने कुरा स्पष्ट देखाउंछन् । सम्माननीय प्रधानमन्त्रीज्यू स्वयम्बाट पनि केही दिन अघिमात्र अहिलेको संकटमा मुलुकको अर्थतन्त्र र उद्योग व्यवसायलाई कसरी अगाडी बढाउने भन्ने सम्बन्धमा निजी क्षेत्रसंग गम्भीर विचार विमर्श भएको थियो । हामीले सम्माननीय प्रधानमन्त्रीज्यूको उक्त प्रयासलाई अतिनै महत्वपूर्ण लिंदै यो परिस्थितिमा अर्थतन्त्रलाई Right track तर्फ लैजान सरकार तथा निजी क्षेत्र बीच Partnership Approach मा काम गर्नुपर्ने सुझाव सहित सम्माननीय प्रधानमन्त्रीज्यूमा देहायका सुझाव राख्ने अनुमति चाहान्छु ।

- कोभिड प्रभावित उद्योग व्यवसायका लागि सरकारले बजेट तथा मौद्रिक नीति मार्फत ल्याएका कार्यक्रमको निजी क्षेत्र स्वागत गर्दछ र त्यसको प्रभावकारी कार्यान्वयनका लागि अनुरोध गर्दछु ।

- नेपालको कूल जनसंख्याको ठूलो अंश (कूल जनसंख्याको ५०-५५ प्रतिशत) यूवा वर्गको छ, हाम्रो पूंजी पनि यही हो । यही Youth Population मार्फत मुलुकको समृद्धि सम्भव छ । यसर्थ हामीसंग रहेको जलस्रोत, कृषि, पर्यटन, उर्जाको समग्र विकास मार्फत

समृद्धि हासिल गर्न सरकार निजी क्षेत्र संयुक्त सहकार्यको लक्ष्य बनाएर अगाडी बढ्नै पर्छ । सामाजिक सुरक्षा सहित उत्पादकत्व वृद्धि, शीप विकास र Human capital लाई सहायता गर्ने नीति सरकारबाट अवलम्वन अख्तियार गरियोस । उद्योग व्यवसायको प्रवर्द्धनमा दक्ष र शीपयुक्त जनशक्ति आजको आवश्यकता भएकाले महासंघले पनि उद्योग व्यवसायको आवश्यकता अनुसार शीपयुक्त जनशक्ति तयार गर्ने कार्यलाई शुरुवात गरिसकेकाले सरकारबाट जनशक्ति विकासमा विशेष जोडदिने नीति तथा कार्यक्रम ल्याइयोस् ।

- कोभिड संकटका कारण पछिल्लो पटक विश्व अर्थतन्त्र डिजिटल उन्मुख भएकाले यसबाट प्रविधि, सेवा र पर्यटन क्षेत्रले तुलनात्मक लाभ उठाउन सक्ने हुंदा सरकारका नीति तथा कार्यक्रमहरु सोही अनुरुप आउनु पर्ने र सरकारका दैनिक कार्य संचालन तथा आर्थिक कारोवार समेतलाई डिजिटल उन्नमुख बनाउने तर्फ विशेष नीति अख्तियार गरियोस् ।

- गौरवका राष्ट्रिय योजनाहरु समयमा नसक्दा मुलुकले निकै ठूलो आर्थिक क्षति भोग्नु परेको छ । वर्षौंदेखि शुरु भएका तर समयमा नसकिएका त्यस्ता भौतिकपूर्वाधारका आयोजनाहरु Fast Track बाट सम्पन्न गर्ने तर्फ सरकारबाट तत्काल पहल होस र यसले मुलुकको अर्थतन्त्रलाई अगाडी बढाउन, थप लगानी आकर्षण गर्न र नयां परियोजनाको शुरुवात गर्न मार्ग प्रशस्त गर्दछ ।
- वहुप्रतिक्षित र निकै बहसको विषय समेत बनेको विद्युत प्रशारण लाईन र सडक पूर्वाधार विकासंग जोडिएको Millennium Challenge Corporation (MCC) परियोजना राष्ट्रिय सहमतीका साथ छिटो पारित गर्नुपर्ने सुझाव निजी क्षेत्रको छ । यसले विद्युत प्रशारण पूर्वाधार विकासमा निकै ठूलो सहयोग गर्ने र यसबाट थप अन्य परियोजना समेत भित्रयाउन सहयोग पुग्ने हुंदा अविलम्म यसलाई पारित गर्ने वातावरण बनाईयोस र निजी क्षेत्र आवश्यक सहयोग गर्न तयार छ ।

१२. निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था महासंघले आफ्नो बलियो संजाल मार्फत राष्ट्रिय अर्थतन्त्रमा Blood Circulation गराउन बलियो धमनीको काम गरेको छ। सरकारलाई जस्तो सुकै संकटमा पनि बलियो साथ दिएको छ । विगतमा महाविपत्तिका समयमा सरकारलाई सहयोग गरे जस्तै कोभिड महासंकटमा पनि महासंघले आफ्नो बलियो Network को परिचानमार्फत आम सर्वसाधारणको दैनिक जीवनयापनमा संकट आउन दिएन। आफ्ना सदस्य सवै उद्योगधन्दालाई निर्वाध संचालन गर्न लगाई अत्यावश्यक वस्तुको उत्पादन तथा आपूर्ति प्रणालीलाई बचायो । कठिन अवस्थामा पनि आफु र आफनो परिवारको ज्यान समेत जोखिममा राखेर मुलुकको अर्थतन्त्रलाई चलायमान राख्न अग्रभागमा रहेर काम गरीरहेका सम्पूर्ण उद्यमी व्यवसायीहरूमा म यस अवसरमा हार्दिक सम्मान गर्न चाहान्छु। नमन गर्न चाहान्छु।

१३. समुन्नत मुलुक निर्माणका लागि सम्माननीय प्रधानमन्त्रीज्युले लिनु भएको समृद्ध नेपाल सुखी नेपाली को राष्टिय दृष्किोणले निजी क्षेत्रलाई उत्साहित बनाएको छ । दिगो आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण लगायतका लोककल्याणकारी कामको एक प्रमुख साझेदार बन्ने अवसर प्रधानमन्त्रीज्यूले महासंघलाई प्रदान गर्नु निजी क्षेत्रका लागि गौरबको बिषय हो। निजी क्षेत्रलाई सदैव विश्वासमा लिएर काम गर्नुपर्ने मान्यता राख्नुहुने सम्माननीय प्रधानमन्त्रीज्यूको आर्थिक समृद्धि र आर्थिक विकासको चाहनालाई

सफल पार्ने अभियानमा निजी क्षेत्र सारथी बन्न तयार छ, सहयोग गर्न प्रतिबद्ध छ जसका लागि निजी क्षेत्रले सदैव सरकारको साथ र सहयोगको अपेक्षा गरेको छ ।

**उद्यमी व्यवसायी साथीहरु,**

१४. निजी क्षेत्रको सर्वोच्च संस्था महासंघसंग जोडिएर करिव १३ वर्ष भन्दा बढी समय काम गर्ने मौका मलाई मिल्यो । प्रारम्भमा कार्यकारिणी समिति सदस्यको रुपमा प्रवेश गरी एक दशक जति नेतृत्वतहमै र पछिल्लो तीन वर्ष भन्दा बढी समय महासंघको प्रत्यक्ष नेतृत्व गर्ने अवसर मैले पाए । ५४ वर्षको इतिहास बोकेको मुलुकको निजी क्षेत्रको सर्वोच्च संस्थामा पहिलो महिला अध्यक्ष हुने सौभाग्य मलाई मिल्यो । मैले यो समयको भरपुर उपयोग गरी निजी क्षेत्रको उचाई बढाउने काम गरे । निजी क्षेत्रलाई एक सशक्त क्षेत्रको रुपमा स्थापित गराउन मेरो प्रयास रहयो । मेरो प्रयासमा मलाई सहयोग र साथ दिने मेरा पदाधिकारी र कार्य समिति साथीहरु सदैव धन्यवादका पात्र हुनुहुन्छ ।

१५. स्थानीय तहमा आर्थिक व्यवसायिक विकासमा निजी क्षेत्रको भूमिका सदैव महत्वपूर्ण हुन्छ । प्रदेश र स्थानीय सरकारसंग सहकार्यलाई थप मजवुद बनाई स्थानीय आर्थिक विकासमा निजी क्षेत्रको अर्थपूर्ण सहभागिता बढाउन मेरो निरन्तर प्रयास रहयो । विशेष गरी पछिल्लो पटक नेपालको श्रम बजारमा आवश्यक

सूचनाका अभावका कारण उद्योग व्यवसायले भोग्नु परेको समस्यालाई संवोधन गर्नेगरी कार्य गर्न यूरोपियन यूनियनको दक्षता परियोजना ब्रिटिश काउन्सिल सहयोगमा महासंघको नेतृत्वमा अरु व्यवसायिक संस्थाहरुको समेत साझेदारीमा Employer led Labour Market Secretariat-ELMS परियोजना कार्यान्वयनमा आएको छ । परियोजनाले नेपालको श्रम बजारको माग अनुसारको कार्य गर्ने र श्रम बजारसंग सम्बन्धी महत्वपूर्ण नीति, कानून, कार्यक्रम तथा योजना तयार गर्न समेत ठूलो सहयोग गर्ने मेरो विश्वास छ ।

**मुलुकभरका उद्यमी व्यवसायी साथीहरू,**

१६. निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघ पूर्ण लोकतान्त्रिक अभ्यास गर्दै आजसम्म आइपुगेको संस्था हो । महासंघले आफ्ना हरेक वार्षिक साधारण सभा निर्धारित समयभित्र एउटा निश्चित मितिमा सम्पन्न गर्दै आएको छ र महासंघको नेतृत्व पनि सोही अनुसारले परिवर्तन हुंदै आएको छ । कोभिड संकटका कारण मुलुकनै पूर्ण रुपमा लकडाउनका गएकाले हामीले गएको वर्षको चैत्र २८ र २९ गते गर्नुपर्ने साधारण सभा सम्पन्न गर्न पाएनौं । सरकारबाट स्वीकृत प्राप्त भएपछि मात्र हामीले हाम्रो साधारण सभा आयोजना गर्न लागेका हौं । साधारण सभाको आयोजनाका क्रममा हामीले हाम्रा सहभागी उद्यमी व्यवसायी प्रतिनिधि साथीहरुको पूर्ण सुरक्षाको प्रवन्ध मिलाएका छौं र नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हामी हाम्रो निर्वाचन गर्दैछौं ।

१७. यो साधारण सभाले महासंघको आगामी नेतृत्व समेत चयन गर्दैछ । यसपछि म र मेरो टिम निवर्तमान हुंदैछ । महासंघको विधान त वरिष्ठ उपाध्यक्ष नै आगामी नयां कार्यकालका लागि स्वत अध्यक्ष हुने हुंदा मेरा वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाजीले महासंघको नेतृत्व सम्हाल्दै हुनुहुन्छ भने बांकी पदहरुका लागि पर्सि १३ गते निर्वाचन हुंदैछ । निर्वाचन एक असल लोकतान्त्रिक अभ्यास हो र लोकतन्त्रको Beauty पनि । निर्वाचनमा हारजित स्वभाविक हो । निर्वाचन पश्चात आउने परिणामसंगै निर्वाचनका वेलाका रहेको समूहगत भावना त्यागेर sportsmanship को भावना अनुरुप चल्नु पर्दछ र त्यसले संस्थालाई अझ बढी बलियो र निजी क्षेत्रलाई सशक्त बनाउन सहयोग पुग्दछ ।

१८. नेपाल उद्योग वाणिज्य महासंघ एक जीवन्त संस्था हो । एक जीवन्त संस्थालाई अगाडी बढाउन निर्वाचित भएर आउने नयाँ टिमलाई निर्वाध काम गर्न दिने वातावरण अव बनाउनै पर्छ । नेतृत्वले चाहेको वेला सल्लाह सहयोग र अनुभव दिनु अग्रजहरुको धर्म हो र अग्रजहरुले सोही अनुसार मात्र आफ्नो भूमिका निर्वाह गर्नुपर्ने मेरो विश्वास एवं मान्यता छ । एक निवर्तमान अध्यक्षको हैसियतले मेरो भूमिका अवका दिनमा नेतृत्वले चाहेको वेला सहयोग गर्ने मात्र रहने छ ।

१९. यो अवसरमा मेरा वरिष्ठ उपाध्यक्ष श्री गोल्छाजीलाई आगामी नेतृत्वका लागि हार्दिक बधाई एवं शुभकामना दिन चाहान्छु । मेरो कार्यकालमा उहांले वरिष्ठ उपाध्यक्षमा रहेर निर्वाह गर्नुभएको सशक्त भूमिकाको म मुक्त कण्ठले प्रशंसा गर्दछु । निर्वाचनबाट आउने टिमलाई मेरो अग्रिम बधाई एवं शुभकामना ।

२०. हामीले केही समयपछि महासंघको संस्थागत विकासमा विभिन्न भूमिका रहेर योगदान गर्ने महासंघ आवद्ध महानुभावहरु, महासंघसंग नजिकमा रहेर नेपालको आर्थिक व्यवसयिक विकासमा सहयोग गर्ने कुटनीतिक नियोग एवं दातृ संस्थाहरुलाई सम्मान गर्ने कार्यक्रम छ । आज सम्मानित हुन गैरहनु भएका सबैलाई हार्दिक बधाई दिन चाहान्छु र तपाईहरूले दिने सेवामा अझ बढी उत्कृष्टताको अपेक्षा गर्दछु ।

**उपस्थित महिला तथा सज्जनवृन्द**

२१. महासंघले दशकौंदेखि नेपालको अर्थतन्त्रलाई टेवा दिनका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय साझेदारहरुसँग मिलेर कार्य गर्दै आएको छ । महासंघले नेपाल सरकार सहित UNDP, ILO, World Bank, IFC, UNHABITAT, UNWFP, JICA, ADB, IFAD, USAID, DFID, GIZ, SNV, DANIDA, KOTRA, EU, British Council जस्ता विकासका साझेदारहरू एवं नेपालस्थित भारतीय, चिनियाँ, अमेरिकी, जापानी, जर्मन र अन्य मुलुकका दुतावाससँग उद्योग व्यवसायको विकासका लागि सहकार्य गर्दै आएको छ । यस अवसरमा विकासका लागि

सबै साझेदारहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अब हाम्रा साझेदारहरूलाई महासंघसँगको सहकार्यलाई अझ प्रगाढ बनाउन आव्हान गर्दछु ।

२२. कोभिडका कारण तपाईहरुसंग प्रत्यक्ष शुभकामनाका शव्दहरु आदान प्रदान गर्न सकिएन तैपनि प्रविधिका माध्यमबाट तपाईहरु साथै हुनुहुन्छ । कार्यक्रममा जोडिनु भएका जिल्ला/नगर उद्योग वाणिज्य संघ, बस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका मुख्य प्रतिनिधि/प्रतिनिधि साथीहरू र एसोसिएट कम्पनी/उद्योग प्रतिष्ठानका प्रतिनिधि उद्यमी व्यवसायी साथीहरू, यस महासंघलाई अझ बढी सशक्त ढंगबाट अगाडी बढाउन तपाईहरूको नेतृत्वदायी भूमिकाको अपेक्षा गर्दछु । वार्षिक साधारण सभालाई सालिन र सभ्य रुपमा सम्पन्न गर्न तपाईहरुबाट विशेष सहयोग र भूमिकाको अपेक्षा गर्दछु ।

२३. अन्त्यमा, निजी क्षेत्रको नेतृत्वको हैसियतले मलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट निरन्तर साथ, सहयोग, सल्लाह र हौसला प्राप्त भैरहयो । निजी क्षेत्रको नेतृत्वमा रहंदा प्रधानमन्त्रीज्यूबाट पाएको त्यो स्नेह र सदासयताले मलाई निरन्तर अगाडी बढन बलियो उर्जा मिल्यो । त्यसका लागि सम्माननीय प्रधानमन्त्रीज्यूमा हृदयदेखिनै आभार प्रकट गर्दछु । नेपाल उद्योग वाणिज्य महासंघ सचिवालयका कर्मचारी साथीहरु जसले मलाई मेरो कार्यकालभरी अहोरात्र खटेर सहयोग गर्नुभयो । कोभिडको महामारीमा पनि

सचिवालयमा आएर आफ्नो जिम्मेवारी पुरा गरी यो साधारण सभा आयोजना गर्न खट्नु भयो । उहांहरु सवैमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

२४. काठमाडौंमा जाडो निरन्तर बढी रहेको छ । सवैले आआफ्नो स्वस्थ्यको ख्याल राखौ । स्वास्थ्य सुरक्षाका लागि पर्याप्त सावधानी अपनाऔं । तपाईहरु सवैको सुस्थास्थ्यको कामना सहित पुनःएकपटक यहांहरु सवैमा स्वागत गर्दछु ।

**धन्यवाद । मिति २०७७ मंसीर ११, विहीवार ।**